**कोरोना भाइरससम्बन्धी कर्णाली प्रदेशको अवस्था**
**सुर्खेत । ०७७ वैशाख २२ गते**
कर्णाली प्रदेश सरकारले ७ दिनको लागि सबै नाका सिल गर्ने निर्णय गरेको छ । वैशाख २२ गते मुख्यमन्त्री महेन्द्रबहादुर शाहीको अध्यक्षतामा बसेको प्रदेश विपद् व्यवस्थापन परिषदको वैठकले छिमेकी प्रदेश ५ र सुदूरपश्चिममा कोरोना संक्रमण देखिएपछि यस्तो निर्णय गरेको हो । लकडाउन लागू भएयता कर्णाली प्रवेश गर्ने प्रमुख बबई नाकाबाटमात्र १० हजार ३ सय ३२ जना भित्रिएका छन् ।
यस्तै कर्णाली प्रदेशका विभिन्न २७ स्थानमा चिकित्सकसहित स्वास्थ्यकर्मीको टोली खटाइने सामाजिक विकास मन्त्री दल रावलले जानकारी दिनुभयो ।
कोरोना भाइरस प्रकोप न्यूनीकरणका लागि जिल्ला-जिल्लामा भएका प्रयास सम्बन्धमा इन्सेकका जिल्ला प्रतिनिधि मार्फत प्राप्त सूचनाको आधारमा जिल्लागत अवस्था विश्लेषण यसप्रकार छ ।

**इन्सेक मुगु जिल्ला प्रतिनिधि जीवन सेजुवालका अनुसार** क्वारेन्टाइनमा राख्न तयार पारिएका एक व्यक्ति नदीमा बेपत्ता भएका छन् । खत्याड गाउँपालिका १ बमकाँडा घर भएका अन्दाजी ३५ बर्षीय गिर्मे भनिने प्रेम विक वैशाख २१ गते  बिहान कर्णाली नदीमा नुहाउने क्रममा वेपत्ता भएको प्रहरीले जनाएको छ ।
कामको सिलसिलामा भारत गएका प्रेम सहित ४८ जनाको टोली दार्चुला नाका हुँदै नेपाल आएको र वैशाख २० गते बाजुरा हुँदै खत्याड गाँउपालिकाको झुगला भन्ने स्थानमा पुगेको थियो । उनीहरुमध्ये सोरु गाँउपालिकाका १७ र जुम्लाका १८ जनालाई आ-आफ्नो स्थानमा पठाएर प्रेमसहित १३ जनालाई झुगलास्थित क्वारेन्टाइनमा राख्ने व्यवस्था गरेको थियो ।
सबैले आ-आफनो गाउँमा स्थापना गरिएको क्वारेन्टाइनमै बस्ने अडान राखेपछि वैशाख २० र २१ गते छुट्टै त्रिपालमा बसेका थिए । प्रेम २१ गते बिहान ११ बजे पालमा बसेकामध्ये आफ्ना दाजुसहित ३ जना कर्णालीमा नुहाउन गएका थिए । प्रेम नदीमा बेपत्ता भएपछि दाजुले गाँउपालिकाका अध्यक्ष उब्जनबहादुर शाहीलाई खबर गर्नुभएको थियो ।
जिल्ला प्रहरी कार्यालय मुगुका प्रहरी नायव उपरीक्षक भुवनेश्वरप्रसाद साहका अनुसार बाजुरा, कालिकोट र मुगुका प्रहरीले बेपत्ता प्रेमको खोजी गरिरहेको छ ।

**इन्सेक कालिकोट जिल्ला प्रतिनिधि कालीबहादुर मल्लका अनुसार** पलाँता गाउँपालिकाले स्थानीय नागरिकलाई हात धुने साबुन वितरण गरेको छ । वडा नम्वर १ का प्रत्येक परिवारलाई ६ वटा नुहाउने र २ वटा लुगा धुने सावुन वितरण गरिएको गाउँपालिकाका अध्यक्ष लक्ष्मणबहादुर बमले बताउनुभयो ।
यस्तै कालीकोटमा कार्यरत स्वास्थ्यकर्मीका लागि भने आवश्यक पिपिइ, मास्क, सेनिटाइजर, ग्लोवस् लगायतका स्वास्थ्य सामग्रीको अभाव भएको स्वास्थ्य कार्यालय कालिकोटका सूचना अधिकारी कटकबहादुर महतले जानकारी दिनुभयो ।

**इन्सेक हुम्ला जिल्ला प्रतिनिधि नन्द सिंहका अनुसार** खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले हुम्ला जिल्लाका लागि अहिलेको मौज्दातबाटै आगामी दशैं तिहारसम्म खाद्यान्न व्यवस्था गर्न परिपत्र गरेको छ । लिमिटेडले लकडाउनमा  खाद्यान्न ढुवानीको व्यबस्था गर्न नसकिने र त्यसपछि मनसुन शुरु हुने भएकोले यस्तो व्यवस्था गर्न परिपत्र गरेको सिमकोट शाखाका प्रमुख रामबहादुर बिष्टले जानकारी दिनुभएको छ ।

विष्टका अनुसार ढुवानी अनुदानको खाद्यान्न हालसम्म १३ हजार ९ सय ८९ दशमलव २४ क्विन्टल हुम्लाका लागि ढुवानी भएकोमा हाल गोदाममा ६ हजार १ सय ४९ दशमलव २८ क्विन्टल चामल मौज्दात छ । जिल्लामा एक पटक खाद्यान्न बिक्रि वितरण गर्न २ हजार क्विन्टल आवश्यक पर्छ । यस हिसाबले अहिलेको मौज्दातले दशैं तिहारसम्म खाद्यान्न नपुग्ने शाखाले जनाएको छ ।
यस्तै हुम्ला जिल्लामा वैशाख २२ देखि लकडाउन कडाइका साथ पालाना गरिएको छ । नेपालगञ्जमा १६ जनामा कोरोना संक्रमण भेटिएपछि हुम्लाको सदरमुकाम सिमकोट पनि सिल गरिएको हो । नेपालगञ्जबाट सिमकोट आउने व्यक्तिबाट कोरोना फैलिन सक्ने भएकोले विमानस्थल सिल गरिएको प्रमुख जिल्ला अधिकारी विनिता भट्टराईले बताउनुभयो ।

**इन्सेक सल्यान जिल्ला प्रतिनिधि मिना बुढाथोकीका अनुसार** वनगाड कुपिण्डे नगरपालिका ८ का वडाध्यक्ष कुलबहादुर पुरीले स्थानीयलाई मास्क र साबुन वितरण गर्नुभएको छ । पुरीले व्यक्तिगत पहलमा ३ हजार मास्क र १६ सय थान साबुन वितरण गर्नुभएको हो ।
लक्ष्मी बैंक सल्लीबजार शाखाले वनगाड कुपिण्डे नगरपालिका र ढोरचौर शाखाले सिद्धकुमाख गाउँपालिकालाई स्वास्थ्य सामाग्री प्रदान गरेको छ । सल्लीबजार शाखाका सुपरभाइजर निर्मल महरले नगर प्रमुख गोविन्दकुमार पुन र प्रमुख प्रशासकीय अधिकृत मोहन खड्कालाई ३ थान थर्मल गन र ३ थान पिपिई हस्तान्तरण गर्नुभएको हो । यस्तै ढोरचौर शाखाका प्रवन्धक मनोजकुमार बस्नेतले ३ थान थर्मल गन र २ थान पिपिई उपलब्ध गराएको सिद्धकुमाख गाउँपालिकाका अध्यक्ष चित्रबहादुर चलाउनेले जानकारी दिनुभयो ।

**इन्सेक दैलेख जिल्ला प्रतिनिधि अमर सुनारका अनुसार** नेपालगञ्जमा कोरोना संक्रमित बढेपछि दैलेखमा उच्च सर्तकता अपनाइएको छ । धेरै आवतजावत हुने दैलेखका ४ नाकामा उच्च सर्तकता अपनाउन सुरक्षाकर्मीको संख्या बढाइएको छ भने बाह्य मुलुकबाट आएकाहरुको ‘ट्रेसिङ’ शुरु गरिएको प्रमुख जिल्ला अधिकारी युवराज कट्टेलले जानकारी दिनुभयो । उहाँका अनुसार लकडाउन लागू भएदेखि नै नाकाहरुमा कडाइ गर्दै आएतापनि मुख्य नाका गुराँसे, तल्लोडुङ्गेश्वर र जाजरकोटबाट भित्रने ठाउँहरुमा नेपाली सेना, सशस्त्र प्रहरी र जनपद प्रहरीको गस्तीमार्फत् निगरानी बढाइएको छ ।

**इन्सेक रुकुम पश्चिम जिल्ला प्रतिनिधि मनिषा केसीका अनुसार** कोरोना भाइरस रोकथाम तथा नियन्त्रणका लागि रुकुम पश्चिमका सबै स्थानीय तहले विपद् व्यवस्थापन कोषको स्थापना गरेका छन् । उक्त कोषमा सक्दो सहयोग गर्न स्थानीय तहहरुले सार्वजनिक अपिलसमेत गरेका छन् ।
यद्धपी जिल्लाका ६ वटा स्थानीय तहमध्ये आठबिसकोट र चौरजहारी नगरपालिका बाहेक अन्य स्थानीय तहमा निकै कम सहयोग जुटेको छ । चौरजहारीमा १४ लाख ७१ हजार ८ सय १७ रुपैया र आठबिसकोटमा १४ लाख रुपैया जम्मा भएको सम्बन्धित स्थानीय तहले जनाएका छन् ।
बाँफिकोट गाउँपालिकाले ८० लाख रुपैयाको विपद् कोष स्थापना गरेकोमा हालसम्म बाहिरबाट एक रुपैया पनि सहयोग नजुटेको अध्यक्ष धर्मबहादुर केसीले बताउनुभयो । त्रिवेणीमा एक करोड २० लाख रुपैयाको कोषमा नागरिक तथा संघसंस्थाबाट अहिले सम्म २० हजार मात्र सहयोग आएको छ । यस्तै सानीभेरी गाउँपालिकामा ३० हजार र मुसीकोट नगरपालिकामा ५० हजार रुपैया जम्मा भएको छ ।
नेपालगञ्जमा कोरोना संक्रमितको संख्या बढेपछि चौरजहारी नगरपालिकाले लकडाउन थप कडा गर्ने निर्णय गरेको छ । वैशाख २२ गते बसेको नगर कार्यपालिकाको बैठकले कोरोना प्रभावित क्षेत्रबाट

आएका व्यक्तिलाई अनिवार्य क्वारेन्टाइनमा राख्ने, नाकाहरु बन्द गर्ने, अत्यावश्यक कामबाहेक अरुलाई नगर प्रवेश गर्न नदिने, सवारी पास नभएका सवारी साधन चल्न नदिनेलगायत निर्णय गरेको छ ।

**इन्सेक जाजरकोट जिल्ला प्रतिनिधि दिनेशकुमार श्रेष्ठका अनुसार** लकडाउन गरिएको डेढ महिना बितिसक्दा पनि राहत वितरण हुन नसक्दा भेरी नगरपालिकाका विपन्न तथा ज्याला मजदुरी गर्ने परिवार समस्यामा परेका छन् । लकडाउनका कारण आफू निकै समस्यामा परेको भेरी नगरपालिका ४ का रत्नबहादुर खड्काले बताउनुभयो । उहाँले भन्नुभयो न खाने अन्न छ न केही किन्न पैसा छ । काम गर्न नपाएको डेढ महिना भयो । पाँच जनाको परिवारलाई छाक टार्न मुस्किल छ ।
नगरपालिकाले समयमा असंगठित श्रमिक तथा विपन्न परिवारको सूची तयार गर्न नसक्दा राहत वितरण हुन नसकेको हो । वडा समितिले वास्तविक विपन्नको लगत नदिंदा राहत वितरण हुन नसकेको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत दलबहादुर घर्तीले बताउनुभयो ।
उहाँका अनुसार नगरपालिकाले वैशाख १० गते राहतवितरण कार्यविधि २०७६ अनुसार वास्तविक समस्यामा परेका नागरिकको सूची तयार गरी ३ दिनभित्र पेश गर्न वडा समितिलाई निर्देशन दिएको थियो । हालसम्म वडा नम्वर १ र ८ बाहेक ११ वटा वडाले सूची बुझाएका छन् ।
राहत व्यवस्थापनका लागि कर्णाली प्रदेश सरकारले २० लाख रुपैया पठाएको छ भने नगरपालिकाले २७ लाख रुपैया छुट्याएको छ ।

**इन्सेक जुम्ला जिल्ला प्रतिनिधि मानदत्त रावलका अनुसार** लकडाउनका कारण समस्यामा पर्नेलाई राहत वितरण गर्न तिला गाउँपालिकाबाहेक ७ स्थानीय तहले १ करोड २६ लाख २५ हजारभन्दा बढीको लागतमा २ हजार ४ सय ३९ क्विन्टल चामल खरिद गरेको खाद्य संस्थान जुम्लाका प्रमुख तिलक सुनारले जानकारी दिनुभयो । खाद्य संस्थानले बिक्री गर्ने चामलमा १० प्रतिशत छुट दिएको छ । सुनारका अनुसार हाल संस्थानको जुम्ला डिपोमा १८ सय २० क्विन्टल चामल मौज्दात रहेको छ ।
यस्तै तातोपानी गाउँपालिकाले स्थानीय तहमा कोरोना खाद्य बैंक स्थापना गरेको छ । संकटका बेला स्थानीय खाद्य बैंक प्रभावकारी हुने प्रमुख प्रशासकीय अधिकृत विष्णुप्रसाद धितालले बताउनुभयो ।
लकडाउन अवधिमा जुम्लामा १० हजार ७ सय १३ जना भित्रिएका छन् । जसमध्ये ६ सय ५१ जना क्वारेन्टाइनमा र ५ सय ६४ जना होम क्वारेन्टाइनमा बसेको जिल्ला प्रशासन कार्यालय जुम्लाले जनाएको छ । जुम्लामा ७ सय ३४ बेडको क्वारेन्टाइन निर्माण गरिएको छ ।

**इन्सेक सुर्खेत जिल्ला प्रतिनिधि दुर्गा थापाका अनुसार** वीरेन्द्रनगर नगरपालिकाले मजदुरहरुलाई राहतको सट्टा काममा लगाई ज्याला दिने निर्णय गरेको छ । नगरपालिकाले लकडाउनका कारण समस्यामा परेका मजदुरलाई भौतिक दुरी कायम गरी काममा लगाई ज्याला दिने निर्णय गरेको उपप्रमुख मोहनमाया ढकालले बताउनुभयो । उहाँका अनुसार कृषि र विकास निर्माणका काममा मजदुरलाई काम खोज्न नगरपालिकाले समन्वय गर्नेछ ।

**इन्सेक डोल्पा जिल्ला प्रतिनिधि विष्णुप्रसाद देवकोटाका अनुसार** लकडाउनको मौका छोपेर कालोबजारी गर्ने व्यापारीलाई प्रशासनले कारवाही गरेको छ । पुरानो मासु विक्रि वितरण भैरहेको सूचनाको आधारमा वैशाख २२ गते सदरमुकाम दुनैस्थित राहुल जनरल स्टोरमा प्रमुख जिल्ला अधिकारी सुरेश सुनारको नेतृत्वमा छापा मारिएको हो ।

उक्त स्टोरको दर्ता कागजात केही नभएको भन्दै प्रशासनले ताला लगाएको छ । यस्तै चैत महिनामा नेपालगञ्जदेखि डोल्पा ल्याएको ब्रोईलर कुखुराको २० किलो मासु र मिति नाघेका करीब ३ लाख बराबरको सामान पनि जफत गरी नष्ट गरिएको छ ।

**इन्सेक कर्णाली प्रदेश कार्यालय, सुर्खेत**